***नामः*** *डिल्लीराज जोशी*
***पदः*** *प्रमुख*
***प्रमाणिकरण मितिः*** *२०८०/०९/०१*

# शव-वाहन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८०

**प्रस्तावनाः**

अमरगढी नगरपालिकाको स्वामित्वमा रहेको शव-वाहन सञ्चालन तथा परिचालनलाई व्यवस्थित, प्रभावकारी, मितव्ययी बनाई नागरिकलाई गुणस्तरीय, विश्वसनीय, पारदर्शी, छिटो छरितो र सर्वसुलभ सेवा उपलब्ध गराउन शव-वाहन सञ्चालन तथा व्यवस्थापन मापदण्ड तर्जुमा गर्न वाञ्छनीय भएकाले, अमरगढी नगरपालिकाको सवारी साधन परिचालन व्यवस्थित गर्न बनेको ऐन, २०७८ को दफा १६ वमोजिम अमरगढी नगरपालिकाको कार्यपालिकाले यो मापदण्ड तयार पारी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस मापदण्डको नाम "शव-वाहन सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०८०" रहेको छ ।

२. यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

क) "कार्यालय" भन्नाले अमरगढी नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले अमरगढी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) "शव वाहन" भन्नाले मृतकको शवलाई बोक्ने प्रयोजनका लागि अमरगढी नगरपालिकाबाट सञ्चालित चार पाङ्ग्रे सवारी साधन सम्झनु पर्दछ ।

ङ) "सवारी चालक" भन्नाले शव वाहन चलाउने चालक सम्झनु पर्दछ ।

**३. शव-वाहन परिचालनः** (१) नगरपालिकाको शव-वाहन परिचालन, रेखदेख, नियन्त्रण गर्ने अधिकार कार्यालयलाई हुनेछ ।

(२) शव-वाहन सञ्चालनका लागि एक जना सवारी चालकको व्यवस्था हुनेछ ।सवारी चालकले कार्यालयको निर्देशानुसार परिचालित हुनुपर्नेछ ।

(३) शव वाहन नगरपालिका र नगरबासीलाई प्राथमिकता दिई परिचालन गरिनेछ ।

(४) शव वाहनका लागि छुट्टै सवारी चालकको व्यवस्था नभएको अवस्थामा अन्य चालकबाट सेवा लिन सकिनेछ । यसरी सवारी चालक परिचालन गर्दा अतिरिक्त कार्य/समयको विवरण राख्न लगाई प्रमाणित विवरण अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ ।

**४ शव-वाहन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी दररेटः**

(१) शव-वाहन सञ्चालनका लागि नगरपालिकाको आर्थिक ऐनमा तोकेबमोजिम भाडा लाग्नेछ र त्यसरी नतोकिएकोमा **"अनुसूची-१"** अनुसारको भाडादर लागू हुनेछ ।

**५. विशेष व्यवस्था :**

(१) अमरगढी नगरपालिका भित्रका नागरिकहरुको हकमा तोकिएको भाडादरमा २५ प्रतिसत छुट हुनेछ ।

(२) बेवारिसे शव व्यवस्थापन गर्दा कार्यालयले निःशुल्क रुपमा शव वाहन परिचालन गर्नेछ ।

**६. वाधा अडकाउ फुकाउः**

(१) कार्यालयले यस मापदण्ड कार्यान्वयन गर्दा आईपर्ने बाधा अड्काउ फुकाउन सक्नेछ ।

**७. संशोधन तथा खारेजः**

(१) कार्यपालिकाले आवश्यकता अनुसार यस मापदण्डको संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची-१

| अमरगढी नगरपालिकाको शव-वाहनको भाडादर | | | |
|---|---|---|---|
| सि.नं. | देखि | सम्म | भाडादर रु. |
| १ | अमरगढी न.पा. | अमरगढी न.पा.का वडाभित्र | २००० |
| २ | अमरगढी न.पा. | काठमाडौं | ४५००० |
| ३ | अमरगढी न.पा. | नेपालगंज | १६००० |
| ४ | अमरगढी न.पा. | कोहलपुर | १५५०० |
| ५ | अमरगढी न.पा. | धनगढी | ६५०० |
| ६ | अमरगढी न.पा. | महेन्द्रनगर | ७००० |
| ७ | अमरगढी न.पा. | बुडर | ५००० |
| ८ | अमरगढी न.पा. | गैरा | ३५०० |
| ९ | अमरगढी न.पा. | गाङ्खेत | ५००० |
| १० | अमरगढी न.पा. | घरेलु | ५५०० |
| ११ | अमरगढी न.पा. | गोदाम | ६००० |
| १२ | अमरगढी न.पा. | जोगबुढा | ६५०० |
| १३ | अमरगढी न.पा. | कटाल | ७००० |
| १४ | अमरगढी न.पा. | परिगाँउ | ७५०० |
| १५ | अमरगढी न.पा. | सकायल | ३५०० |
| १६ | अमरगढी न.पा. | गहनान, गोपघाट | ४००० |
| १७ | अमरगढी न.पा. | दिपायल | ५००० |
| १८ | अमरगढी न.पा. | सिलगढी | ५५०० |
| १९ | अमरगढी न.पा. | साँफेबगर | ८५०० |
| २० | अमरगढी न.पा. | मंगलसेन | ९५०० |
| २१ | अमरगढी न.पा. | अनारखोली | २५०० |
| २२ | अमरगढी न.पा. | खोडपे | ३००० |
| २३ | अमरगढी न.पा. | पाटन | ४५०० |
| २४ | अमरगढी न.पा. | सतबाँझ | ५५०० |
| २५ | अमरगढी न.पा. | देहिमाण्डौ | ६००० |
| २६ | अमरगढी न.पा. | गोठालापानी | ६५०० |
| २७ | अमरगढी न.पा. | बैतडी | ७५०० |
| २८ | अमरगढी न.पा. | बगरकोटसम्म | ३००० |
| २९ | अमरगढी न.पा. | डुङरी | ३५०० |
| ३० | अमरगढी न.पा. | पर्छेटा | ४००० |

| | | | |
|---|---|---|---|
| ३१ | अमरगढी न.पा. | खाल | ५००० |
| ३२ | अमरगढी न.पा. | राडिल | ५५०० |
| ३३ | अमरगढी न.पा. | बोगटा | ५००० |
| ३४ | अमरगढी न.पा. | लामिकाँडे | ५५०० |
| ३५ | अमरगढी न.पा. | चुल्ल, सिराड | ४००० |
| ३६ | अमरगढी न.पा. | रुपालीगाड, वयलपाट, पनिउट | ६००० |
| ३७ | अमरगढी न.पा. | देवल, चिपुर | ४५०० |
| ३८ | अमरगढी न.पा. | राजुल | ५५०० |
| ३९ | अमरगढी न.पा. | पुईलेक, वयलडाँडा | ३००० |
| ४० | अमरगढी न.पा. | चमडा | ४५०० |
| ४१ | अमरगढी न.पा. | बेलापुर | ४५०० |
| ४२ | अमरगढी न.पा. | भातकाँडा | ३००० |
| ४३ | अमरगढी न.पा. | रुवाखोला | ३५०० |
| ४४ | अमरगढी न.पा. | गणेशपुर, बडाल | ४५०० |
| ४५ | अमरगढी न.पा. | कैलपालमाण्डौ | ५५०० |
| ४६ | अमरगढी न.पा. | चैनपुर (बझाङ) | ७५०० |

उल्लेखित दररेटमा नपरेका रुट तथा स्थानहरुको लागि आउँदा जाँदाको दूरी जोडी प्रति कि.मि. रु.२५ का हिसाबले भाडादर कायम हुनेछ ।